# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, पुस १२ गते २०६१ साल (संख्या ३६

## भाग ३

### श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

बिर्ता उन्मूलन नियमावली, २०१७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बिर्ता उन्मूलन ऐन, २०१६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "बिर्ता उन्मूलन (सातौं संशोधन) नियमावली २०६१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. बिर्ता उन्मूलन नियमावली, २०१७ को नियम ३ख. मा संशोधनः बिर्ता उन्मूलन नियमावली, २०१७ को नियम ३ख. को सट्टा देहायको नियम ३ख. राखिएको छः-

"३ख. कारवाही टुङ्गो लगाउनु पर्नेः सम्वत् २०५३ साल आषाढ मसान्तसम्म "ख" श्रेणीको बिर्ता जग्गा दर्ता गराउनको लागि ऐनको दफा ७क. बमोजिम परेको बरखास्त र ऐनको दफा १२क. को प्रतिबन्धात्मक वाक्यांसबमोजिम रैकरमा परिणत गरी जग्गा दर्ता गराउन परेका निवेदनहरू उपर २०६२ साल चैत्र मसान्तभित्र कारबाही टुङ्गो लगाई सक्नुपर्नेछ ।"

आज्ञाले,
रुद्रकुमार श्रेष्ठ
श्री ५ को सरकारको निमित्त सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## भूलसुधार

खण्ड ५४, अतिरिक्ताङ्क २८(ख) मिति २०६१।६।७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको दफा ३ मा "आयोगको कार्यविधि" हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ।

अर्थ मन्त्रालय।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.५।-

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

902